# गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६३

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
२०६३

# बिषय–सूची


१. परिचय ........................................................ 1

२. उद्देश्य ........................................................ 1

३. गाउ विकास समिति अनुदान कार्यक्रम संचालन ........................ 1

४. गाउ विकास समिति अनुदान कार्यक्रम तर्जुमा ........................ 2

५. मानवीय संशाधन विकास सम्वन्धी व्यवस्था ........................ 4

६. गाउ विकास समिति अनुदान निकासा प्रक्रिया ........................ 6

७. गाउ विकास समिति अनुदान कार्यक्रमको कार्यान्वयन ........................ 8

८. कार्यक्रम संचालनमा प्राविधिक सहयोगको व्यवस्था ........................ 10

९.कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका ........................ 10

१०.कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन ........................ 11

११.प्राविधिक सुपरिवेक्षण, अनुगमन, मूल्यांकन तथा जाचपास ........................ 13

१२.योजनाको दिगो सञ्चालन र जांचपास ........................ 14

१३. अनुदान रकम रोक्का गर्न सकिने ........................ 15

१४.सुविधाको व्यवस्था ........................ 15

१५.कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका ........................ 15

१६.थपघट र हेरफेर ........................ 15

१७.खारेजी र बचाउ ........................ 15

अनुसूची ........................ 16

*(नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०६३/६/१० को निर्णयबाट स्वीकृत)*

# गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन कार्यविधि, २०६३

## १. परिचय

स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त तथा नीतिहरूलाई गाउँ विकास समितिमा प्रभावकारी रूपले कार्यान्वयन गर्न, गाउँ विकास समिति अनुदान कार्यक्रमलाई योजनाबद्ध रूपमा व्यवस्थित गर्न गराउन, गाउँ विकास समितिको संस्थागत क्षमता अभिवृद्धि गरी स्थानी् विकासमा सघाउ पु¥याउन र *आयव्ययलाई पारदर्शी समेत गराउने कार्यका* लागि सोही ऐनको दफा २३६(२) को अधिकार *तथा आ.व. ०६३/६४ को वजेट वक्तव्यको वुँदा नं. ३१ मा उल्लेखित प्रावधान अनुसार* यो *कार्यविधि* तर्जुमा गरी लागू गरिएको छ ।

## २. उद्देश्य

१. *स्थानीय स्तरमा लाभान्वीत समुहसंगको अन्तरकृयावाट गठन भएका/हुने सामुदायिक संस्था/उपभोक्ता समुहको प्रत्यक्ष सहभागिताबाट* स्थानीय श्रम, स्रोत र साधनको परिचालन गरि स्थानीय जनतालाई बढी से बढी सुविधा प्रदान *गर्नका लागि सामाजिक आर्थिक सशक्तीकरणको माध्यमबाट* दिगो विकासलाई बढावा दिई गरिवी निवारणमा टेवा पुर्‍याउन,

*२.* सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासको माध्यमबाट *विकासको प्रतिफल वस्ती तहसम्म पुर्‍याउन* गाउँ विकास समितिहरूलाई आत्मनिर्भर गराउन र *संस्थागत विकासमा टेवा पुर्‍याउन,*

३. *विकासमा पिछडिएका एवं मूल प्रवाहिकरण हुन नसकेका महिला, बालवालिका, दलित, आदिवासी/जनजाती र अपाङ्गहरुको सशक्तिकरण गरी विकासमा पहुँच वढाउन ,*

४. गाउँ विकास समितिहरूको आयको क्षेत्र विस्तार *गरी सामाजिक तथा आर्थिक रुपमा ग्रामीण क्षेत्रको रुपान्तरणमा सहयोग पुर्‍याउन ,*

*५. स्थानीय पूर्वाधार निर्माणका माध्यमवाट स्थानीय स्तरमा रोजगारी श्रृजना गरि सेवा सुविधा प्राप्तीमा सघाउ पुर्‍याउन ।*

## ३. गाउ विकास समिति अनुदान कार्यक्रम संचालन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६ को व्यवस्था बमोजिम गाउँ विकास समितिले *सहभागीतामूलक योजना* (आवधिक/वार्षिक योजना) तर्जुमा *पद्धति अवलम्वन गर्दै* परिषद्बाट पारित भएअनुसार *केन्द्रबाट प्राप्त हुने अनुदान रकम* [1] *र आन्तरिक आयश्रोत समेत समावेश गरि कार्यक्रम संचालन गर्नु पर्नेछ ।*

[1] केन्द्रवाट साविकदेखि प्राप्त हुँदै आएको रु. ५ लाख र यस आ.व. २०६३।६४ मा प्राप्त भएको रु. ५ लाख समेत जम्मा रु. १० लाखको

## ४. गाउ विकास समिति अनुदान कार्यक्रम तर्जुमा

### ४.१ गाउँ विकास क्षेत्रको वस्तुगत विवरण, श्रोत नक्सा तथा आवधिक योजना तयार गर्नुपर्ने

क) गाउँ विकास समितिले आफ्नो गाउँ विकास क्षेत्रको वस्तुगत विवरण (भिलेज प्रोफाइल), श्रोत नक्शा तथा आवधिक योजना तयार गर्नुपर्नेछ। यस्तो विवरण आवश्यकता अनुसार अद्यावधिक गर्नुपर्नेछ।

ख) यस्तो विवरणको आधारमा गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासको सम्भावना र सीमा (Limitation) हरूको विश्लेषण गरी गाउँ परिषदमा पेश गर्नुपर्नेछ।

### ४.२ आयोजना प्रस्ताव र स्वीकृति

क) गाउँ विकास समितिले प्रत्येक आर्थिक वर्षको सुरुमा कम्तीमा १५ दिनको समय दिई आयोजना प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गर्नुपर्नेछ।

ख) सामुदायिक संस्था, उपभोक्ता समूहहरुले स्थानीय आवश्यकतालाई पहिचान गरी आयोजना प्रस्तावहरु वडा समिति मार्फत्[2] *गाउँ विकास समितिमा पेश गर्न लगाउनु पर्नेछ र यसरी पेश हुन आएका आयोजनाको गाउँ विकास समितिले वढीमा २ वर्षभित्र सम्पन्न हुन सक्ने आयोजनाहरुको यकिन गर्ने र सो को प्राथमिकता निर्धारण गरी गाउ परिषद्बाट स्वीकृत गर्नुपर्नेछ। यस कार्यमा स्थानीय गै.स.स.र विषयगत निकायले सहजिकरण गरि सघाउ पुर्‍याउने छन्।*

ग) यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावकहरुले *(उपभोक्ता समूह/सामुदायिक संस्था) आफूले* परिचालन गर्ने जनसहभागिताको किसिम तथा परिमाण र आयोजनाको *दिगो* संचालन एवं मर्मत सम्भार सम्वन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनु पर्नेछ।

घ) योजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐनको दफा ४३ को उपदफा (३) र (६) मा उल्लेख भएका कुराहरुलाई र सो का *अतिरिक्त देहायका कुराहरुमा ध्यान पुर्‍याउनु पर्नेछ :*

अ) न्यून आय वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरु।

आ) बढीभन्दा बढी स्थानीय सीप, साधन, प्रविधि र जनसहभागिता परिचालन हुने आयोजनाहरु।

इ) *श्रममूलक प्रविधिमा आधारित तथा वातावरण मैत्री आयोजनाहरु*

ई) *पिछडिएका वर्ग, बालवालिका, महिला, अपाङ्ग, जनजाती, आदिवासी, दलित र* वृद्धहरुको हित र कल्याणका लागि संचालन गरिने आयोजनाहरु।

उ) *स्थानीय जनताको मागमा आधारित,* स्थानीय स्रोतसाधनले धान्न सक्ने र दिगो प्रकृतिका आयोजनाहरु।

ऊ) चेतना अभिवृद्धि, संस्थागत क्षमता वृद्धिको कार्यक्रम तथा तालिमहरू।

*ए) विविध आर्थिक पूर्वाधार सम्वन्धी आयोजनाहरु।*

*ऐ) उपभोक्ता समिति र सामुदायिक संस्थाहरुद्वारा नै सञ्चालन, मर्मत, संभार गर्न सकिने खालका आयोजनाहरु।*

### ४.३ *आयोजनाको* सूची र सम्भाव्यता अध्ययन

क) गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासका सम्भावना र सीमाहरु समेतको आधारमा वडा स्तरवाट प्राप्त गरेका आयोजना सम्वन्धी प्रस्तावहरु र अन्य गाउँ विकास समिति/जिल्ला विकास

[2] वडा समिति गठन नभएको अवस्थामा वडा/सामुदायिक भेला मार्फत

समिति वा निकायहरुसँग मिलेर सञ्चालन गर्न सकिने, आपसी लाभ हुने आयोजनाहरुको सूची तयार गरी सम्भाव्यता अध्ययन *(आँकलन)* गराउनेछ । यसरी सम्भाव्य देखिएका आयोजनाहरु परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

ख) गाउँ विकास समितिले सम्भाव्य देखिएका आयोजनाहरुको प्राविधिकबाट लागत अनुमान (डिजाइन, इष्टिमेट) गराउदा निर्माण सामग्रीको विवरण समेत खुलाई नेपाली भाषामा तयार गर्न लगाउनेछ ।

**४.४ प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा**

*क) वार्षिक कार्यक्रम र वजेट तर्जुमा गर्दा, केन्द्रबाट प्राप्त साविकको अनुदान रु. ५ लाख र आ.व. ०६३।६४ को थप रु. ५ लाखको छुट्टा छुट्टै कार्यक्रम तथा वजेट तर्जुमा गर्नु पर्नेछ साथै जिल्ला विकास समितिबाट प्राप्त र आफ्नो आन्तरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गर्नु पर्ने छ । थप रु. ५ लाखको कार्यक्रम तथा वजेट स्थानीय विकास अधिकारीले स्विकृत गरेपश्चात् उपलव्ध गराईनेछ ।*

*ख) यसरी थप अनुदान रकम रु. ५ लाख वाट ग्रामीण क्षेत्रको रुपान्तरणमा सहयोग पुऱ्याउने खालका ग्रामीण विद्युतीकरण, सडक, सिंचाई, पुल, खानेपानी र विद्यालय भवन निर्माण जस्ता आर्थिक पूर्वाधारका कार्यक्रमहरु सम्पन्न गर्नु पर्नेछ ।*

*ग) साविकको रु. ५ लाखवाट चालू खर्चतर्फ रु. २ लाख र पूँजीगत तर्फ रु. ३ लाख विनियोजन गर्नुपर्नेछ । पूँजीगत रकमवाट यस कार्यविधिको अधिनमा रही मागमा आधारित आयोजनाहरु सञ्चालन गर्नु पर्नेछ ।*

*घ) साविकको पूँजीगततर्फको वजेटवाट निम्न क्षेत्रहरुमा लक्षित हुनेगरि मागको आधारमा आयोजनाहरु सञ्चालन गर्न कम्तिमा रु. एक लाख पचास हजारसम्म रकम छुट्याई कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।* [3]*यसरी विनियोजित रकमवाट उपभोक्ताको सीप विकास, रोजगारी सृजना, क्षमता अभिवृद्धि तथा श्रोत साधनमा पहुँच पुर्‍याउने कार्यमा खर्च गर्नुका साथै यस्तो रकमवाट तल उल्लेखित क्षेत्रहरुमा सञ्चालन हुने अन्य कार्यक्रमसँग समायोजन कोष* **(Matching Fund)** *का रुपमा समेत राख्न सकिनेछ ।*

- *महिलाहरुको सशक्तिकरणका आयोजनाहरु*
- *बालवालिकाको हित र कल्याण सम्वन्धी आयोजनाहरु*
- *दलित वर्गको मूल प्रवाहिकरणका आयोजनाहरु*
- *आदिवासी, जनजातिको उत्थान विकासका आयोजनाहरु*
- *अशक्त अपाङ्गहरुको हित र कल्याण सम्वन्धी आयोजनाहरु*

ङ) संचालन अनुदानतर्फ विनियोजन हुने रु. २ लाखवाट देहायका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

१) गाउँ विकास समिति कार्यालयका कर्मचारीहरुको (प्राविधिक तथा अन्य) तलव भत्ता र अन्य खर्चहरु ।

२) अध्यक्ष तथा उपाध्यक्षको मासिक पारिश्रमिक ।

३) बैठक भत्ता र मसलन्द खर्च ।

*४) विद्यार्थी अनुपातमा राखिएको शिक्षकको लागि अनुदान*

---

[3] उल्लेखित क्षेत्रहरुमा छुट्याईएको रकमहरु खर्च नभएमा पूँजीगत रकममा समायोजन हुनेछ ।

*५) स्वास्थ्य सेवासँग संवन्धित स्वास्थ्यकर्मीहरुको लागि अनुदान*

*६) मानव संशाधनमा खर्च हुने रकम*

च) यस कार्यक्रम अन्तरगतको रकम *देहाय वमोजिमका कार्यमा* खर्च गर्न पाइने छैनः-

१) वडापिच्छे दामासाहीले रकम बाँडफाँड गर्न,

२) कुनैपनि सेवा वा अन्य कार्यको लागि धरौटी राख्न,

३) विकास कार्यक्रमको रकम सापटी ल्याई प्रशासनिक खर्च चलाउन ।

छ) *माथि बुँदा ४.४ अनुसारका* आयोजनाको स्वरुप, अनुमानित लागत (डिजाइन, इष्टिमेट) तयार भैसकेपछि गाउँ विकास समितिले गाउँ विकास कोषबाट खर्च हुने सम्पूर्ण आयोजनाहरुको प्रस्तावित कार्यक्रम र बजेट तयार गर्नेछ । यसरी कार्यक्रम तयार गर्दा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

ज) वार्षिक कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास समितिले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु र जिल्ला विकास समिति *तथा नगरपालिका*को सहयोग लिन सक्नेछ । यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु ती निकायहरुको कर्तव्य हुनेछ ।

**४.५ जनसहभागिता**

क) कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा आयोजनाहरुको छनौट गर्दा समान प्रकृतिका आयोजनाहरुमा बढी जनसहभागिता जुटाउने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

ख) गाउँ विकास समितिमा सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट गठन भई सञ्चालन भएका सहकारी/सामुदायिक संस्थाहरूलाई कार्यक्रम *तर्जुमा र सञ्चालन*मा सहभागी गराउनुपर्नेछ ।

**४.६ कार्यक्रम र बजेटको स्वीकृति**

क) ***कार्यविधिको बुँदा*** ४.४ वमोजिम तयार भएको प्रस्तावित कार्यक्रम र बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनु पर्दछ ।

ख) गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६६ मा भएको व्यवस्थाअनुसार आगामी वर्षको लागि योजना तर्जुमा गर्दा सहभागितामूलक योजना प्रक्रिया अवलम्वन गरी वार्षिक बजेट र कार्यक्रम परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।[4]

**ग**) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३(४) मा भएको व्यवस्था अनुसार गाउँ परिषदबाट स्वीकृत भई कार्यान्वयनका लागि सम्झौता भइसकेपछि कार्यक्रम र बजेट पुनः संशोधन गर्न पाइने छैन । परिषद्को बैठक र कार्य प्रक्रिया स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद-२ बमोजिम भएको हुनुपर्नेछ ।

**घ**) यसरी स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेटको एकप्रति जिल्ला विकास समितिको कार्यालयमा पठाउने जिम्मेवारी गाउँ विकास समिति सचिवको हुनेछ। गाउँ परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको जानकारी गाउँ विकास समितिको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ ।

## ५. मानवीय संशाधन विकास सम्वन्धी व्यवस्था

५.१ मानवीय संसाधनको विकास गरी ग्रामीण जनशक्तिलाई सक्षम र उत्पादनशील बनाउने उद्देश्यले यो व्यवस्था गरिएको हो ।

[4] तर चालू आ.व. ०६३।६४ मा थप भएको वजेट रु. ५ लाखको हकमा चालू आ.व. को पौष मसान्तसम्म परिषद्वाट स्विकृत गराउनुपर्नेछ ।

५.२ बुँदा ५.१ मा उल्लेखित उद्देश्य प्राप्तिको लागि चालू खर्च रु. २ लाखवाट देहाय वमोजिमका क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी गर्न *सकिनेछ* -

क) नेपाल सरकारबाट अनुमति प्राप्त भै गाउँ विकास क्षेत्रमा समुदायद्वारा संचालित विद्यालयहरुमा *अनुमति प्राप्त कक्षाको लागि विद्यार्थीको अनुपातमा शिक्षक नपुगेमा थप शिक्षक नियुक्ति गर्नु पर्ने भए सो को पारिश्रमिक व्यहोर्ने ।* यस्तो व्यवस्था गर्नुपर्ने विद्यालयहरुको छनौट गाउँ विकास समितिले *विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी* गर्नेछ ।

यसरी छनौट भएका विद्यालयहरुमा थप शिक्षकको नियुक्ति विद्यालय व्यवस्थापन समितिले *स्वीकृत मापदण्डका आधारमा गर्न सक्नेछ ।* यस सम्बन्धमा गाउँ विकास समितिले स्वीकृति प्रदान भएको शिक्षकका लागि चाहिने रकम वार्षिक कार्यक्रममा समावेश गरी परिषद्बाट अनुमोदन गराई सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ। *यस कार्यमा सवैका लागि शिक्षा नीति अनुरुप चाहिने मापदण्ड निर्धारण गर्ने र आवश्यक सहयोग सम्वन्धित जिल्ला शिक्षा कार्यालयवाट लिन सकिनेछ ।*

ख) गाउँ विकास समितिमा भएका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने दक्ष स्वास्थ्यकर्मीलाई करार सेवामा राख्न सकिनेछ । यसरी करार सेवामा राख्दा लाग्ने पारिश्रमिक रकम जिल्ला जनस्वास्थ्य कार्यालयवाट कार्य विवरण वनाउन प्राविधिक सहयोग लिई स्वास्थ्य/उप–स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई अनुदान दिन सकिनेछ ।

ग) स्थानीय जनतालाई अत्यावश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, साक्षरता एवं शिक्षा, कृषि, पशुस्वास्थ्य तथा *लघु* उद्योगका लागि व्यावसायिक ज्ञान, सीप जस्ता सेवाहरु सहज रुपमा उपलब्ध हुने किसिमले स्थानीय व्यक्तिलाई दिइने स्वरोजगारमूलक र पूर्वव्यावसायिक तालिम कार्यक्रमहरुको तर्जुमा गरी संचालन *गर्न*।

घ) समूहमा संचालन गरिने सामुदायिक तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण, पोलियो तथा खोप, भिटामिन 'ए' जस्ता बालस्वास्थ्य कार्यक्रमहरु संचालन गर्न वा सामाजिक सहजकर्ता पारिश्रमिक वा यस्तै क्रियाकलापमा सम्पूरक रूपमा लगानी गर्न ।

ङ) *सामाजिक परिचालन सम्वन्धी सहजकर्ताको पारिश्रमिकको हकमा गा.वि.स.ले एकिन गरी अवधि र पारिश्रमिक तोकी करारमा सेवा लिंदा लाग्ने म्याचिङ खर्च वा पारिश्रमिक व्यहोर्न सकिने ।*

च) *दातृ संस्था वा अन्य निकायको सहयोगमा संचालित आयोजनाको लागि समपूरक कोष रकम* ***(Matching Fund)*** *दिन सकिने ।*

छ) *प्रकोप व्यवस्थापन कोष खडा गर्न । यस कोषमा जम्मा भएको रकम गाउँ विकास समितिको निर्णयले राहत प्रदान गर्ने कार्यमा खर्च गरिनेछ ।* राहत दिनु नपरेको अवस्थामा यो रकम संचित हुँदै जानेछ ।

*ज) उपभोक्ता समितिका अध्यक्ष लगायतका पदाधिकारीहरु, सुपरभाईजर, नाईके, स्थानीय स्तरका मिस्त्री, कालीगढ, प्लम्वर आदिको क्षमता एवं सीपअभिवृदिका लागि तालिम संचालन वापत लाग्ने लागतको व्यवस्था गर्न सकिनेछ ।*

५.३ कार्ययोजना बनाउनुपर्ने

क) मानवीय संशाधन विकासको लागि गाउँ विकास समितिले प्रत्येक वर्ष कार्ययोजना बनाई रकमको बाँडफाँड स्वीकृत गर्नेछ ।

ख) तालिम कार्यक्रमहरु संचालन गर्नुअगावै तालिमको अनुगमन कार्ययोजना अनिवार्य रुपमा तयार गर्नुपर्नेछ ।

ग) स्वीकृत कार्ययोजना *र वजेट*को कार्यान्वयन गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६, *यो कार्यविधि* र सम्वद्ध परिषद्‌बाट स्वीकृत विनियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।

## ६. गाउ विकास समिति अनुदान निकासा प्रक्रिया

क) नेपाल सरकारबाट गाउँ विकास समितिलाई प्रदान गरिने अनुदान रकम [5] स्थानीय विकास अधिकारीले *चालू खर्च* र *पूँजीगत खर्च*मा वर्गीकरण गरी चौमासिक रुपमा निकासा माग गर्न सिफारिश गर्नुपर्नेछ । यसरी वर्गीकरण गर्दा **यस कार्यविधिको बुंदा नं. ४.४ र ५ अनुसार गर्नुपर्नेछ ।**

ख) गाउँ विकास समितिले प्रथम चौमासिक रकम निकासा माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछः-

१) अनुसूची-१ बमोजिमको चौमासिक निकासा माग पत्र ।

२) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र आयोजनाको विवरण (अनुसूची-२) ।

३) गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत योजनाहरुको वार्षिक प्रगति विवरण ।

४) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछ्र्यौट हुन बाँकी पेश्किको विवरण ।

५) *विगत* आर्थिक वर्षको अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन ।

ग) गाउँ विकास समिति अनुदानको प्रथम चौमासिक रकम स्थानीय विकास अधिकारीले कोष तथा लेखा नियन्त्रक कार्यालयसँग निकासाको लागि सिफारिश गरी माग गर्दा अघिल्लो आर्थिक वर्षमा निकासा दिएको रकमहरुको निकासा खर्च एवम् बाँकी विवरण र फछ्र्यौट हुन बाँकी पेश्कि गाउँ विकास समितिबाट प्राप्त गर्नुपर्नेछ ।

घ) स्थानीय विकास अधिकारीले अनुसूची-३ मा तोकिएको फाराम अनुसार रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिश सहित माग गर्नुपर्नेछ ।

ङ) स्थानीय विकास अधिकारीको सिफारिश सहितको माग अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रथम चौमासिक रकम गाउँ विकास समितिको खातामा *पठाउने गरी* कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा *जिल्ला विकास समितिमा* खोलिएको गाउँ विकास समिति अनुदान खातामा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा गर्दा प्राविधिक तथा प्रशासनिक सहयोग बापत दफा ८.२ (ख) बमोजिमको रकम गाउँ विकास समितिहरूको वार्षिक अनुदानबाट हिसाब गरी जिल्ला विकास समितिको कार्यालयको *खातामा सोझै जम्मा हुनेछ ।* स्थानीय विकास अधिकारीले गाउँ विकास समितिलाई सो रकम *तत्काल* निकासा *दिई सो को* जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ । जिल्ला विकास समितिले गाउँ विकास समितिमा गएको र जिल्ला विकास समितिमा प्राप्त भएको रकमको हिसाब अनुसूची ४ बमोजिमको रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

च) *गाउँ विकास समितिले* दोश्रो चौमासिक रकम माग गर्दा देहाय अनुसारको विवरण स्थानीय विकास अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

१) प्रथम चौमासिक रकम माग गर्दा पेश गरेको विगतका वर्षहरुको बाँकी रकम खर्च विवरण र *बाँकी* पेश्कीमध्ये फछ्र्यौटको विवरण ।

---

[5] साविकको रु. ५ लाख (चालू खर्च २ लाख र पूँजीगत खर्च ३ लाख) र हालको थप पूँजीगत खर्च रु. ५ लाख गरी जम्मा रु. १० लाख हुनेछ ।

२) प्रथम चौमासिक रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

३) बुँदा ११ को प्रकृया पुऱ्याई आएका योजना र क्रमागत योजनाहरु समेतको वार्षिक प्रगति प्रतिवेदन उपर गाउँ परिषदले गरेको समीक्षा प्रतिवेदन ।

छ) खण्ड "च" बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गरेपछि स्थानीय विकास अधिकारीले दोश्रो चौमासिक रकम निकासा सिफारिश सहित माग गर्नेछन् । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले दोश्रो चौमासिक रकमको निकासा दिनुपर्नेछ ।

*यसरी निकासा भएको रकम स्थानीय विकास अधिकारीले गाउँ विकास समितिमा तत्काल पठाउनुपर्नेछ ।*

ज) गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गर्दा देहायका प्रक्रिया पूरा गरी स्थानीय विकास अधिकारी मार्फत् माग गर्नुपर्नेछ ।

१) प्रथम चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति विवरण तथा दोश्रो चौमासिकको प्रगति प्रतिवेदन ।

२) गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की लगत अनुसार कम्तीमा *५०* प्रतिशत पेश्कि फछ्र्यौटको विवरण ।

३) अघिल्लो आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

झ) खण्ड "ज" वमोजिमका प्रक्रिया पूरा गरी गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गरेपछि स्थानीय विकास अधिकारीले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग तेश्रो चौमासिक रकम निकासाका लागि सिफारिश सहित माग गर्नेछन् । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले तेश्रो चौमासिक रकम निकासा दिनुपर्नेछ । *निकासा भएको रकम स्थानीय विकास अधिकारीले प्राप्त विवरणको आधारमा गाउँ विकास समितिलाई तत्काल निकासा दिनुपर्नेछ । तर पूँजीगत खर्चवाट चालू खर्चमा रकमान्तर गर्न भने पाईनेछैन ।*

ञ) माथि बुँदाहरुमा जेसुकै लेखिएको भएतापनि गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने संचालन अनुदानको रकम गाउँ विकास समितिले स्थानीय विकास अधिकारीको सिफारिश तथा मागमा, मागे वमोजिम पहिलो, दोश्रो र तेश्रो चौमासिकको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिनुपर्नेछ । *थप भएको रु. ५ लाखवाट दफा ४.४ (क) मा उल्लेख भए वमोजिम आर्थिक सामाजिक पूर्वाधार वाहेक अन्य क्षेत्रमा खर्च गर्न पाईने छैन ।*

ट) *स्थानीय विकास अधिकारीले दिएको सिफारिशपत्रको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा गर्नेछ । आर्थिक वर्षको अन्त्यमा जिल्ला विकास समितिमा खोलिएको गाउँ विकास समिति अनुदान खाता मा खर्च नभई बाँकी रहेको रकम मध्ये साविकको ५ लाखको वाँकी रकम फ्रिज नहुने र नयाँ ५ लाख मध्ये कर्णाली अञ्चल वाहेकका स्थानीय निकायको आर्थिक वर्षको अन्तमा वाँकी रकम  फ्रिज हुनेछ ।*

ठ) *जिल्ला विकास समितिमा रहेको* गाउँ विकास समिति अनुदान खाताबाट गाउँ विकास समितिको खातामा बाहेक अन्य कुनै खातामा वा व्यक्तिलाई रकम निकासा दिइने छैन । तर बुँदा ८.२ (ख) बमोजिम जिल्ला विकास समितिको खातामा जम्मा गरिने रकमलाई भने यसले असर गर्ने छैन ।

ड) यस कार्यविधि बमोजिम गाउँ विकास अनुदान रकमको अख्तियारी *अर्थ मन्त्रालय*बाट स्थानीय विकास अधिकारीको नाममा जानेछ ।

ण) स्थानीय विकास अधिकारीले सम्बन्धित गाउँ विकास समितिको कार्यालयलाई यो कार्यविधि र अन्य थप निर्देशन सहित रकम खर्च गर्न निर्देशन पठाउनु पर्नेछ ।

*त) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६० मा उल्लेख भए अनुसार यो अनुदान रकम गाउँ विकास समिति कोषमा जम्मा गरी खर्च गर्नुपर्नेछ । यस प्रयोजनका निम्ति संभव भएसम्म गाउँ विकास समितिले सरकारी कारोवार गर्ने वैंकमा 'ग' समूहको खाता खोली आर्थिक कारोवार गर्नुपर्दछ । यसो गर्न नसकिने अवस्थामा पायक पर्ने वैंकमा गाउँ विकास समिति कोषका लागि एउटा मूल खाता रहने गरी चालू खर्च र पूँजीगत खर्चका लागि छुट्टा छुट्टै थप २ वटा खाता समेत खोली आर्थिक कारोवार सञ्चालन गर्नुपर्दछ । कार्यसञ्चालन स्तरमा चालु खर्च र पूँजिगत खर्चको हिसाव छुट्टा छुट्टै खातामा प्रविस्टि गराई राख्नुपर्ने छ । बैङ्क खातासंग हिसाव मिलान मासिक रुपमा गराउनु पर्नेछ ।*

७. गाउ विकास समिति अनुदान कार्यक्रमको कार्यान्वयन

**७.१ योजना कार्यान्वयन गर्ने प्रक्रिया**

क) योजनाहरु साधारणतया उपभोक्ता समितिमार्फत संचालन गर्नुपर्नेछ। उपभोक्ता समितिबाट संचालन गर्दा अनुसूची-५ बमोजिमको सम्झौता फाराममा सम्झौता गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिबाट संचालन हुन नसक्ने योजनाहरु कुन प्रक्रियाबाट संचालन गर्ने भन्ने वारेमा गाउँ विकास समितिले निर्णय लिनेछ ।

ग) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५१(५) बमोजिम गैरसरकारी संस्थाबाट समेत योजना कार्यान्वयन गर्न सकिनेछ ।

घ) गाउँ विकास समितिको निर्णयानुसार अन्य प्रक्रियाबाट योजना कार्यान्वयन गर्ने भएपनि योजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी सो समितिबाट रेखदेख र सुपरीवेक्षण गराउनु पर्नेछ ।

ङ) खण्ड (ग) का योजना वाहेक अन्यमा गाउँ विकास समितिले योजना कार्यान्वयन गर्ने निकायसँग कार्यान्वयन कार्यतालिका सहित योजना कार्यान्वयनको सम्झौता गर्नुपर्नेछ। सम्झौता गर्दा उपभोक्ता समितिका सदस्य समेतको उपस्थितिमा गर्नुपर्नेछ ।

च) सम्झौतामा निर्धारित समयमा कार्यान्वयन गर्ने निकायले योजना सम्पन्न गर्नुपर्नेछ। योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा गाउँ विकास समितिले सम्झौताको म्याद थप गर्न सक्नेछ। *तर योजना सम्पन्न गर्ने कूल अवधि दुई आर्थिक वर्षभन्दा वढी हुने छैन ।*

छ) जानीजानी वा लापरबाहीले तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिसँग गाउँ विकास समितिले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

*ज) आर्थिक सामाजिक पूर्वाधारको निर्माणको लागि थप गरिएको रु. ५ लाखको योजना आर्थिक वर्षको जेठ मसान्तभित्र सम्पन्न गरीसक्नु पर्नेछ । साथै यी कार्यक्रमहरुको सार्वजनिक परीक्षण समेत आषाढ २० भित्र सम्पन्न गरी मसान्तभित्र जाँचपास र फरफारक गर्नुपर्नेछ ।*

**७.२ उपभोक्ता समितिको गठन**

क) गाउँ विकास समितिले वडा समितिको सहभागितामा योजनाबाट प्रत्यक्ष रुपमा फाइदा पाउने उपभोक्ताहरुको व्यापक भेला गराई योजनाको अनुमानित लागत (लगत इष्टिमेट), कार्यतालिका, कार्यान्वयन गर्ने निकाय र प्रक्रियाको सम्वन्धमा जानकारी गराउनुपर्नेछ ।

ख) गाउँ विकास समितिले यस्तो उपभोक्ता भेलाबाट प्रत्येक योजनाका लागि बेग्लाबेग्लै उपभोक्ता समिति गठन गर्नेछ । *यसरी गठन हुने उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्नेछ । यसका अलावा पिछडिएका वर्गहरुको समेत प्रतिनिधित्व गराईएको हुनु पर्नेछ ।*

ग) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था वा संस्थाहरूको संलग्नतामा पनि कार्यक्रम संचालन गर्न सकिनेछ ।

घ) दुई वा दुइभन्दा बढी गाविसहरु मिलेर संचालन गर्ने योजनामा संयुक्त उपभोक्ता समिति गठन गर्नुपर्नेछ । यस्तो उपभोक्ता समितिलाई सम्वन्धित गाउँ विकास समितिले अनुमोदन गर्नुपर्नेछ ।

ङ) उपभोक्ता समितिको गठन, कार्यविधि, काम, कर्तव्य र अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा तत्सम्बन्धी नियमावलीमा उल्लेख भए वमोजिम हुनेछ ।

च) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरु उपभोक्ता समितिको सचिवले लिखित रुपमा राख्नुपर्नेछ ।

छ) प्रत्येक उपभोक्ता समितिले अनुसूची-६ बमोजिमको प्रगति विवरण गाउँ विकास समितिमा उपलब्ध गराउनुपर्नेछ ।

**७.३ गाउँ विकास समितिबाट योजनाका लागि रकम निकासा र खर्च गर्ने तरिका**

क) योजना कार्यान्वयन गर्न उपभोक्ता समितिसँग सम्झौता भइसकेपछि गाउँ विकास समितिले किस्ताबन्दीमा [6] रकम निकासा गरिदिनेछ ।

ख) गाउँ विकास समितिले दोस्रो वा त्यसपछिका किस्ताहरु अघिल्लो किस्ताको प्राविधिक मूल्यांकन तथा प्रतिवेदन समेत हेरी उपलब्ध गराउनेछ ।

ग) योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँ विकास समितिबाट प्राप्त किस्ता रकम *संभव भएसम्म* नजिकैको बैंकमा खाता खोली राख्नुपर्नेछ [7] । उपभोक्ता समितिको खाताको संचालन उपभोक्ता समूहका कम्तिमा *दुई तिहाइ* सदस्यले निर्धारण गरे बमोजिमका पदाधिकारीद्वारा संयुक्त दस्तखतबाट गर्नुपर्नेछ ।

घ) किस्ताबन्दीको रकम प्राप्त गरिसकेपछि के अनुमानित लागत (लगत इष्टिमेट) अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु कार्यतालिकाले निर्धारण गरेको समयभित्रै *जिम्मेवारी तालिका वमोजिम* कार्यान्वयन गर्ने निकायहरुले आफैं वा संयुक्त रुपमा वा यस्ता निकायहरुको अनुरोधमा गाउँ विकास समितिले व्यवस्था गर्नुपर्नेछ ।

ङ) *योजनालाई आवश्यक हुने* निर्माण सामग्रीहरु *गुणस्तरीयता यकिन गरी* प्रचलित कानून अनुसार खरिद गर्नुपर्नेछ ।

च) कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिबाट प्राप्त निर्माण सामग्रीहरु जिन्सी खातामा आम्दानी बाँधी सो को जानकारी गाउँ विकास समितिलाई दिनुपर्नेछ ।

छ) योजनाको हिसाव प्रचलित कानून बमोजिम राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव राख्ने सम्वन्धमा गाउँ विकास समितिको सचिवले आवश्यक सहयोग/*तालिम* उपलब्ध गराउन *सक्नेछ*।

ज) गाउँ विकास समितिको स्तरमा योजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने र नियमित रुपमा भौतिक र वित्तीय प्रगति प्रतिवेदन पठाउने जिम्मेवारी गाउँ विकास समितिको अध्यक्ष र सचिवको हुनेछ ।

---

[6] आयोजनाको प्रकृति हेरी किस्ता सङ्ख्या र रकम सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

[7] सम्भव भएसम्म

## ८. कार्यक्रम संचालनमा प्राविधिक सहयोगको व्यवस्था

### ८.१ प्राविधिक को व्यवस्था

क) गाउँ विकास समितिलाई कार्यक्रम संचालनमा सघाउ पुऱ्याउन *आवश्यक प्राविधिकको व्यवस्था जिल्ला विकास समितिले जिल्ला प्राविधिक कार्यालय मार्फत गर्न सक्नेछ ।*

*कुनै गाविसले आफैं प्राविधिकको व्यवस्था गर्न चाहेमा चालू खर्च वा आफ्नो आन्तरिक कोषवाट जिल्ला विकास समितिको सहमतिमा करारमा ओभरसियर/सव ओभरसियरको व्यवस्था गर्न सक्नेछ । साविकदेखि कार्य गर्दै आएका प्राविधिक सहायकले नियमित रुपमा कार्य गर्न सक्नेछन् तर नयाँ प्राविधिक सहायक भने भर्ना गर्न पाईने छैन । यसरी ओभरसियर सव ओभरसियरको सेवा लिदा गा.वि.स.हरु परस्पर मिली लागत व्यहोर्ने गरि समेत गर्न सकिने छ ।*

ख) प्राविधिक सहायकको तलव भत्ता गाउँ विकास समितिको *चालू खर्च* बाट व्यहोरिनेछ ।

### ८.२ *जिल्ला विकास समिति* मा प्राविधिकको व्यवस्था

क) गाउँ विकास समिति अनुदानको उपयोगको लागि आवश्यक पर्ने प्राविधिक सेवा, सल्लाह, सुपरिवेक्षण एवम् अनुगमनको लागि नियुक्त भएका वा हुने प्राविधिकहरूलाई *जिल्ला विकास समितिको मातहतमा* जिल्ला प्राविधिक कार्यालयमा राखी कामकाज गराइनेछ ।

ख) जिल्ला विकास समितिले इलाका वा भौगोलिक क्षेत्र तोकी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउनेछ । यस्तो सेवा प्रदान गर्न ओभरसियर र सब-ओभरसियरको तलव, भत्ता, दैनिक भ्रमण भत्ता, आवश्यक प्राविधिक उपकरण र प्राविधिक काममा सघाउ पुग्ने अन्य सामग्रीहरुका लागि गाउँ विकास समितिमा नेपाल सरकारले पठाउने अनुदान रकमबाट तराईका जिल्लाहरुमा २ प्रतिशत, पहाडी जिल्लाहरुमा २.५ प्रतिशत र हिमाली जिल्लाहरुमा ३ प्रतिशत रकम स्थानीय विकास अधिकारीले गाउँ विकास समिति अनुदान खाताबाट जिल्ला विकास समितिको खातामा जम्मा गर्नेछन् । *यस्तो रकम चालू खर्च रु. २ लाख वाहेकको पूजीगत रकम रु. ८ लाखवाट मात्र कट्टा गर्न सकिनेछ । आफै प्राविधिकको व्यवस्था गर्ने गाविसको रकमवाट उक्त रकम कट्टा हुने छैन ।*

*ग) योजनाको कार्यान्वयन गर्दा लागत अनुमान, नक्शा र डिजाईन तयारी र मूल्याङ्कन गर्ने कार्य सव ओभरसियर, ओभरसियर र ईन्जिनियरवाट, गराउन सकिनेछ । यस्तो कार्यको लागि जिल्ला विकास समितिले तोकेवमोजिम जिल्ला प्राविधिक कार्यालयले सम्वन्धित प्राविधिकलाई अधिकार प्रत्यायोजन गर्नेछ ।*

घ) कार्यान्वयन गर्ने निकायको अनुरोधमा गाउँ विकास समितिले आफैं वा आपसमा मिलेर पनि करारमा प्राविधिकको व्यवस्था गर्न सक्नेछ । यस्तो प्राविधिक राख्दा स्थानीय विकास अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ ।

## ९.कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका

क) *अन्तरस्थानीय निकायमा सञ्चालन हुने* अन्य कुनै कार्यक्रममा जिल्ला विकास समितिले गाउँ विकास समितिबाट साझेदारी (म्याचिङ् फण्ड) पूँजीको रूपमा योगदान लिनुपर्ने भएमा सम्बन्धित गाउँ परिषद्बाट योजना तथा कार्यक्रम किटान गरी स्वीकृत गरेपछि मात्र लिन सकिनेछ ।

ख) गाउँ विकास समितिमा जाने गरी सिफारिश गरिएको रकमको गाउँ विकास समितिगत छुट्टै आम्दानी, खर्च विवरण राख्नुपर्नेछ ।

ग) यो *कार्यविधि* अनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था गर्ने ।

घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१२ अनुसार स्थापना भएको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण अनिवार्य राखी *सार्वजनिक गर्ने*।

ङ) *गाविसको योजना प्रक्रियामा जिल्ला तथा ईलाका स्तरका सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक प्राविधिक सहयोग पुर्‍याउने ।*

च) दुई वा दुइ भन्दा बढी गाउँ विकास समिति र *नगरपालिकाले* आपसमा मिली संचालन गर्ने योजनाहरुको हकमा जिल्ला विकास समितिले समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

छ) गाउँ विकास समिति *तथा ईलाका तहको मानव संशाधन विकासका लागि कार्यक्रम सञ्चालन गर्ने ।*

*ज) स्थानीय स्वायत्त शासन ऐन र तत् सम्वन्धी नियमावली, कार्यविधि, निर्देशिका वारे गाउँ विकास समितिका सचिवहरुलाई तालिम गोष्ठीको आयोजना गरेर कार्यमूलक तालिम दिने ।*

९.१ **विवादको समाधान**

गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा विवाद श्रृजना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका विषयहरूका *जिल्ला विकास समितिले* आवश्यक छानबिन गरी गराई विवादको अन्तिम टुङ्गो लगाउनु पर्नेछ ।

९.२ **निकासा रकम रोक्का वा कम निकासा गर्न सक्ने**

अनुगमनको सिलसिलामा योजनामा रकम दुरुपयोग भएको वा अनुमानित लागत (लगत इष्टिमेट) अनुरुप काम नभएको देखिएमा वा प्रमाणित हुन आएमा स्थानीय विकास अधिकारीले योजनामा भएको दुरुपयोगको गम्भीरता हेरी सुधारको लागि निर्देशन दिन, आंशिक रकम निकाशा सिफारिश गर्न वा काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछन् ।

## १०.कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन

### १०.१ गाउँ विकास समितिबाट अनुगमन

क) गाउँ विकास समितिको कोषबाट संचालित कार्यक्रमहरुको गाउँ विकास समितिले निरन्तर रुपमा अनुगमन गरी बाधा अड्काउहरु फुकाउने व्यवस्था मिलाउनेछ ।

ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकमको छुट्टै अभिलेख राख्नुपर्नेछ । *यस्तो अभिलेख राख्दा साविकको ५ लाखको छुट्टै र आ.व. ०६३/६४ देखि थप भएको रु. ५ लाखको छुट्टै अभिलेख राख्नुपर्नेछ ।*

ग) कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले योजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-७ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँ विकास समितिमा पठाउनुपर्नेछ ।

घ) गाउँ विकास समितिले यो कार्यक्रमको ***चौमासिक*** र वार्षिक समीक्षा सहितको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन *अनुसूची-८* को ढाँचामा सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा ***मासिक रुपमा महिना भुक्तानी भएको मितिले ७ दिनभित्र*** नियमित रुपमा पठाउनुपर्नेछ ।

ङ) गाउँ विकास समिति अनुदानबाट संचालित कार्यक्रमको वार्षिक अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँ परिषदमा छलफल गराई परिषदको *निर्णय* तथा राय जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१०.२जिल्ला विकास समितिबाट अनुगमन**

क) जिल्ला विकास समितिले गाउँ विकास समितिको कोषबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्नेछ र यस्ता योजनाहरुको सूचना अद्यावधिक गरी राख्नेछ । नियमित अनुगमनको संयोजन जिल्ला विकास समितिले जिल्ला विकास समितिका कुनै पदाधिकारीबाट गराउन सक्नेछ ।

ख) जिल्ला विकास समितिले आफूले गरेको अनुगमन र गाउँ विकास समितिबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधारमा ***चौमासिक*** र वार्षिक समीक्षा गर्नेछ । वार्षिक समीक्षा प्रतिवेदन जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ ।

ग) स्थानीय विकास अधिकारीले गाउँ विकास समिति अनुदान कोषबाट संचालित योजनाहरूको अनुगमन गर्न सक्नेछन । त्यसरी गरेको अनुगमनको प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्नुपर्नेछ र निर्देशन दिनुपर्ने भएमा जिल्ला विकास समितिबाट निर्देशन दिनुपर्नेछ ।

*घ) यो कार्यक्रम पहिलो प्राथमिकता **(P1)** मा परेको हुँदा खर्चको फाँटवारी र प्रगति विवरण मासिक रुपमा जिल्ला विकास समितिले स्थानीय विकास मन्त्रालय र वार्षिक प्रतिवेदन स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।*

*ङ) गाविसले चौमासिक रुपमा आय व्यय र प्रगति विवरण सार्वजनिक गरे नगरेको अनुगमन गर्ने ।*

*च) गाउँ विकास समितिले अनुदानबाट भएको लगानीले गरेको योगदान सूचकहरुमा स्पस्ट रुपले देखाउनु पर्ने ।*

**१०.३ जिल्ला विकास समितिले निर्देशन दिन सक्ने अधिकार**

यस कार्यविधि वमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुरुप गर्न गराउन ***संवन्धित*** गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ । *गाउँ विकास समितिले प्रचलित नीति नियम, पद्धति वमोजिम काम गरेको नपाईएमा अनुदान रोक्कागर्न सक्नेछ र त्यसको कारण सार्वजनिक गर्नुपर्नेछ ।*

**१०.४ सांसदहरुबाट अनुगमन**

प्रतिनिधि सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र *गाउँ विकास अनुदानवाट* संचालित कार्यक्रमहरुको अनुगमन गरी सम्वन्धित निकायमा आफ्नो सुझाव वा प्रतिवेदन दिन सक्नेछन ।

**१०.५ स्थानीय विकास मन्त्रालयबाट अनुगमन र समीक्षा**

क) *गाउँ विकास* **कार्यक्रम** अनुगमनको **लागि** उपयुक्त व्यवस्था मिलाउने र *निशर्त अनुदानको रकमवाट भएको खर्चको अनुगमन गर्ने*।

ख) केन्द्रमा चौमासिक र वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्ने र सुधारका लागि आवश्यक निर्देशनहरु स्थानीय विकास अधिकारी *मार्फत* गाउँ विकास समितिमा पठाउने ।

*ग) गाउं विकास समिति अनुदानको केन्द्रीय लेखा विवरण तयार पार्ने ।*

*घ) गाविस अनुदानवाट विगतमा सञ्चालित कार्यक्रमको संयोगिक प्रतिचयन* **(sample survey)** *का आधारमा केही गाविस छनौट गरी (भौगोलिक अवस्थिति, आय र जनसंख्याका आधारमा) मूल्याङ्कन गर्ने गराउने ।*

*ङ) गाउँ विकास समिति अनुदान रकम तोकिएको समयमा निकासा भएको सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।*

*च) अनुदान रकमवाट भएको भौतिक तथा वित्तीय प्रगतिको केन्द्रीय विवरण तयार गरी उपलव्धी सार्वजनिकरण गर्ने, गराउने ।*

**१०.६ अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगवाट अनुगमन**

*क) बुँदा नं. १०.५ (घ) मा उल्लेखित मूल्याङ्कन प्रक्रियामा सहभागी हुन सक्ने ।*

*ख) वार्षिक प्रगति विवरण प्राप्त भएपछि समीक्षा गरी सुधारको लागि आवश्यक पृष्ठपोषण दिने ।*

*ग) गाउँ विकास समिति कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्न सक्ने ।*

## ११.प्राविधिक सुपरिवेक्षण, अनुगमन, मूल्यांकन तथा जाचपास

### ११.१ प्राविधिक मूल्यांकन र जांचपास

क) गाउँ विकास समिति अन्तर्गत संचालित योजनाहरुको लागत अनुमान, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदनको कार्य खटिएका प्राविधिकबाट हुनेछ ।

ख) यस्तो प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन एक तह माथिको प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ ।

ग) योजनाको अन्तिम मूल्यांकन गर्दा गाउँ विकास समितिको प्रतिनिधि उपभोक्ता समिति एवं स्थानीय समुदायको रोहवरमा गर्नुपर्नेछ ।

घ) योजना कार्यान्वयन गर्ने निकायबाट योजना सम्पन्न भएपछि उपभोक्ता समूहको सहभागितामा *सार्वजनिक परीक्षण (नमूना छुट्टै उपलब्ध हुनेछ)* गरी सो को जानकारी गाउँ विकास समितिमा पठाउनु पर्नेछ । यस्तो जानकारी प्राप्त भएपछि प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र हिसाव फछ्र्यौटको आधारमा गाउँ विकास समितिले योजनाको जाँचपास र फरफारक गर्नुपर्नेछ ।

### ११.२ हिसाव फछ्र्यौट

क) कार्यक्रम संचालनको निमित्त गाउँ विकास समितिबाट प्राप्त रकम वा निर्माण सामग्रीको हिसाव फछ्र्यौट गर्ने जिम्मेवारी कार्यक्रम कार्यान्वयन गर्ने निकायको हुनेछ ।

ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट हिसाव फछ्र्यौटका लागि विधिवत कागजात प्राप्त भएपछि गाउँ विकास समितिले हिसाव फछ्र्यौट गरिदिनुपर्नेछ ।

### ११.३ लेखा परीक्षण

क) *गाउँ विकास समिति अनुदान रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ अनुसार हुनेछ ।*

ख) आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनहरु गाउँ विकास समितिले जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ ।

ग) गाउँ विकास समितिले *आय व्यय, प्रगति विवरण* र लेखा परीक्षण प्रतिवेदन *चौमासिक रुपमा* सार्वजनिक गराउनुपर्नेछ ।

घ) *खर्च भएको तर प्रमाणका कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रुजु तथा नियमित गराउन लेखा समितिले गाउँ विकास समितिलाई सुझाव दिन सक्नेछ ।*

*स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को अनुसूचीहरूमा उल्लेख भएअनुसारका फारमहरूको विवरण गाउँ विकास समितिले प्रचलनमा ल्याउन सक्नेछ ।*

*११.४ सार्वजनिक परीक्षण*

*गाविस अनुदानवाट सञ्चालित योजनाको निर्माण वा मर्मत कार्य सम्पन्न भएपछि गाविस, उपभोक्ता समूह र नागरिक समाजको सहभागितामा योजनाको विवरण सहित सार्वजनिक परीक्षण गर्नु पर्नेछ । यसो गर्दा अनुसूची १० वमोजिमको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।*

## १२.योजनाको दिगो सञ्चालन र जांचपास

क) गाउँ विकास समितिले गाउँ विकास समिति क्षेत्र भित्र सम्पन्न भई जाँचपास फरफारक भइसकेका योजनाहरूको लगत अनुसूची-९ बमोजिम राख्नु पर्नेछ ।

ख) उपभोक्ता समितिबाहेक गैरसरकारी संस्था वा अन्य निकायबाट कार्यान्वयन भएका योजनाहरु जाँचपास भैसकेपछि कार्यान्वयन गर्ने निकायले त्यस्ता योजनाहरु गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा सम्वन्धित उपभोक्ता समूहलाई संचालन र मर्मत सम्भारको लागि जिम्मा दिनेछ ।

ग) उपभोक्ता समितिले उपभोक्ताहरुबाट तय भए अनुसारको सेवा शुल्क समेत लिन सक्ने गरी योजनाको नियमित संचालन र मर्मत सम्भार गर्नेछ ।

घ) प्रकोपबाट क्षतिग्रस्त भै मर्मत सम्भार गर्नुपर्ने बाहेक अन्य कारणबाट गर्नुपर्ने मर्मत सम्भार उपभोक्ता समिति आफैंले गर्नुपर्नेछ ।

ङ) योजनाहरुको संचालन र मर्मत सम्भारको रेखदेख र सुपरीवेक्षण गाउँ विकास समितिले नियमित रुपमा गराउनेछ ।

च) ***गाविसले सम्पन्न योजनाहरुको मर्मत संभार कार्यका लागि मर्मत संभार कोषको व्यवस्था गर्न सक्नेछ । यस्तो कोष जिविसस्तरमा खडा गरी गाविसले रकम जम्मा गर्नेछ । र यस कोषवाट रकम खर्च गर्दा वार्षिक योजना तयार र स्विकृत गरी सञ्चालन गर्नु पर्नेछ ।***

१३. अनुदान रकम रोक्का गर्न सकिने

कार्यक्रमलाई प्राप्त रकमको हिनामिना, दुरुपयोग गर्ने र निर्धारित समयमै कार्य सम्पन्न नगर्ने, आर्थिक अनुशासन कायम नगर्ने गाउँ विकास समितिलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रकम निकाशा आंशिक वा पूरा रोक्का गर्न सकिनेछ ।

१४.सुविधाको व्यवस्था

यस कार्यविधि बमोजिम आर्थिक कारोवार गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ तथा परिषद्बाट स्वीकृत विनियम बमोजिम गर्नुपर्नेछ ।

१५.कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका

**देहाय वमोजिमका कार्यहरु देहायका समयभित्र सम्पन्न गर्नुपर्ने छ ।**

| | **कार्यहरु** | **समय तालिका** |
|---|---|---|
| *१.* | *आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा (यस वर्षको हकमा प्रथम चौमासिकभित्र)* | *– पुष मसान्त भित्र* |
| *२.* | *उपभोक्ता समितिको गठन र संझौता* | *– वार्षिक कार्य योजना अनुसार* |
| *३.* | *योजनाको कार्यान्वियन र सम्पन्न गर्ने* | *– जेष्ठ मसान्त भित्र* |
| *४.* | *सार्वजनिक परीक्षण* | *– आषाढ १५ भित्र* |
| *५.* | *जाँचपास र फरफारक* | *– आषाढ २० भित्र* |
| *६.* | *चौमासिक र वार्षिक प्रतिवेदन* | *– म्याद समाप्त भएको ७ दिनभित्र* |
| *७.* | *प्रथम किस्ता निकासा माघ मसान्तभित्र लगिसक्नु पर्नेछ ।* | |

१६.थपघट र हेरफेर

**स्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवस्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।**

१७.खारेजी र बचाउ

*गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन निर्देशिका, २०५८ खारेज गरिएको छ र उक्त निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।*

# अनुसूची

**अनुसूची–१**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## गाउँ विकास समितिको निकासा माग गर्ने ढाँचा

(बुँदा ६(ख)(१) सँग सम्वन्धित)

## ........... गाउँ विकास समिति

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय,
................. ।

मितिः-.......................

विषय: चौमासिक निकासा ।

गाउँ विकास समिति अनुदान अन्तर्गत यस गाउँ विकास समितिको आ.व. ............. को ............. चौमासिक निकासा हुन निम्नलिखित कागजातहरू संलगन गरी यसैसाथ पेश गरिएको छ ।

<u>संलग्न कागजातहरू</u>

१) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र योजनाको विवरण (प्रथम चौमासिक माग गर्दा मात्र)
२) गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत योजनाहरुको वार्षिक प्रगति विवरण ।
३) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछ्र्यौट हुन बाँकी पेश्की र फछ्र्यौटको विवरण ।
४) चालु आर्थिक वर्ष भन्दा एक आर्थिक वर्ष अघिको अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन ।
५) चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरूको अद्यावधिक प्रगति विवरण ।
६) प्राविधिक सुपरिवेक्षण अनुगमन मूल्यांकनतथा जाँचपास भएका योजनाहरूको विवरण ।

| | |
|---|---|
| .............. | .............. |
| सचिव | अध्यक्ष |

अनुसूची - २

गाउँ विकास समिति अनुदान कार्यक्रम

# गाउँ विकास समितिको स्वीकृत वार्षिक कार्यक्रम

## आर्थिक वर्ष ..........

## व्यय विवरण (अनुमान)

(बुँदा ६(ख)(२) सँग सम्वन्धित)

| अनुदानतर्फ | | अनुदान बाहेकको गा.वि.स. कोष तर्फ | |
|---|---|---|---|
| (क) कार्यक्रम खर्च | | (क) कार्यक्रम खर्च | |
| स्वीकृत आयोजना वा कार्यक्रमको नाम | स्वीकृत रकम | स्वीकृत आयोजना वा कार्यक्रमको नाम | स्वीकृत रकम |
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |
| ४. | | ४. | |
| ५. | | ५. | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| (ख) संचालन खर्च | | (ख) संचालन खर्च | |
| खर्च शीर्षक | रकम | खर्च शीर्षक | रकम |
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |
| ४. | | ४. | |
| ५. | | ५. | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |

...................                                        ...................

सचिव                                                        अध्यक्ष

द्रष्टव्य: योजना धेरै भई फारममा नअटाएमा छुट्टै पाना संलग्न गर्ने ।

**अनुसूची - ३**
**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## (क) रकम निकासा सिफारीश फाराम

(बुँदा ६(घ) सँग सम्वन्धित)

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,**
.................... ।

गाउँ विकास समिति अनुदान अन्तर्गत निम्नलिखित गाउँ विकास समितिहरूको आर्थिक वर्ष .......... को ......... चौमासिक निकासा उपलब्ध गराइ दिनुहुन सिफारिश गर्दछु ।

| सि.नं. | गाउँ विकास समिति | वार्षिक विनियोजन रु. | हालसम्म निकासा रु. | | हालसम्मको खर्च | | हाल माग गरिएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रम अनुदान | संचालन अनुदान | कार्यक्रम अनुदान | संचालन अनुदान | कार्यक्रम अनुदान | संचालन अनुदान | |
| | | | | | | | | | |

.................... .................... ....................
लेखा प्रमुख योजना अधिकृत/ईन्जिनियर स्थानीय विकास अधिकारी

## (ख) जिल्ला विकास समितिमा प्राप्त हुने प्रशासनिक तथा प्राविधिक खर्च बापत माग गरिएको अनुदान रकमको निकासा माग फाराम

| सि. नं. | जिल्ला भित्रका गाविसहरूको लागि कुल विनियोजित रकम | २, २.५ र ३ प्रतिशतले हुने जम्मा रकम रु. | हालसम्मक ो खर्च रकम | निकासामध्ये बाँकी रकम रु. | हाल माग गरेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

.................... .................... ....................
लेखा प्रमुख योजना अधिकृत/ईन्जिनियर स्थानीय विकास अधिकारी

**अनुसूची - ४**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

# प्राप्त रकमको हिसाब राख्ने रजिष्टर

(बुँदा ६(ङ) सँग सम्वन्धित)

गाउँ विकास समितिको नामः

आर्थिक वर्षः-                                                                 खाता नं.:-

| सि.नं | मिति | विवरण | रकम रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५८/..../.... | प्रथम चौमासिक निकासा | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ... | | | | | |
| ... | | | | | |
| ... | | | | | |
| ... | | | | | |

......................          ......................          ......................

लेखा प्रमुख          योजना, अनुगमन तथा प्रशासकीय अधिकृत          स्थानीय विकास अधिकारी

**अनुसूची - ५**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

# गाउँ विकास समिति र उपभोक्ता समितिबीच सम्पन्न गरिने योजना सम्झौता फारम

(बुँदा ७.१ (क) सँग सम्वन्धित)

*समूह गठनमा संलग्न लाभान्वित परिवार संख्याः*

*पदाधिकारीको नाम, ठेगानाः*

## १. सम्झौता गर्ने पक्ष र योजना

(क) उपभोक्ता समिति/सामुदायिक संस्थाको विवरणः

सम्झौता गर्ने संस्थाका तर्फबाटः

नामः-

पदः-

ठेगानाः-

(ख) योजनाको विवरण

१. नामः-

२. ठेगानाः-

३. उद्देश्यः-

४. योजना स्वीकृत गर्ने निकायः-

५. योजना सुरु हुने मितिः

६. योजना सम्पन्न हुने मितिः

## २. योजनाको लागत सम्बन्धी विवरण

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने स्रोतहरूः

१. नेपाल सरकारबाट रु.:

२. जिल्ला विकास समितिबाट रु.:

३. गाउँ विकास समितिबाट रु.:

४. गैरसरकारी संघ संस्थाबाट रु.:

५. समुदायमा आधारित संस्थाबाट रु.:

६. विदेशी दातृ संघ संस्थाबाट रु.:

७. उपभोक्ता समितिबाट रु.:

८. अन्यबाट रु.:

**जम्मा रु.**

(ग) निर्माण सामग्री लागत

खरिद गर्नुपर्ने

१) सिमेन्ट ..........वोरा

२) छठ ..........के.जी.
३) ईटा ..........सङ्ख्या
४) जस्तापाता (६'/९'/१२') ...........वण्डल
५) किलाकाँटी ...........2 Hook/5Hook
६) काठ ...........क्यू. फिट
७) वायर रोप ...........
७) अन्य ...........

<u>स्थानीय सामग्री</u>

ढुंगा ...........
वालुवा ............
काठ .............
**औजार** ..............

(घ) निर्माण सामग्री

१. सम्बन्धित विषयगत शाखा वा कार्यालयबाट प्राप्तः- <u>इकाइ</u> <u>परिमाण</u>
२. गाउँ विकास समितिबाटः-
३. उपभोक्ता समितिबाटः-
४. गैरसरकारी संघसंस्थाबाटः-
५. समुदायमा आधारित संस्थाबाटः-
६. अन्यबाटः-

(ङ) योजनाबाट लाभान्वित हुनेः-

१. घर परिवार संख्याः-
२. जनसंख्याः- महिलाः.......... पुरुषः..............
३. समुदायः- दलित....... आदिवासी........ जनजाती......... अपाङ्ग........ महिला.......... बालवालिका.......
४ उपभोक्ता समूहमा लाभान्वित परिवार संख्याः–
५. वस्ती सङ्ख्या/नामः–
६. अन्यः-

## ३. उपभोक्ता समिति सम्बन्धी विवरण

(क) उपभोक्ता समिति गठन भएको मितिः-

(ख) उपभोक्ता समिति वा गैरसरकारी संस्था वा समुदायमा आधारित संस्थाका पदाधिकारीको नामावली र ठेगानाः-

१. अध्यक्ष
२.
३.
४.
५.
६.
७.
८.
९. सचिव

(ग) उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वितहरूको संख्याः

(घ) उपभोक्ता समिति गठन गर्दा अनुपस्थित लाभान्वित सदस्य संख्याः

**४. योजना संचालन सम्बन्धी अनुभवः**

**५. उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ताः**

| किस्तो क्रम | मिति | किस्ताको रकम | निर्माण सामग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

**६. योजना मर्मत सम्भार व्यहोर्ने संस्था (मासिक, चौमासिक, वार्षिक स्रोत)**

(क) मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम

(ख) जनश्रमदान (श्रमशक्ति संख्या)

(ग) शुल्कबाट रु.

(घ) दस्तुर, चन्दा रु.

(ङ) लागत सहभागिता, अनुदान रु.

(च) व्याज, अन्य बचत

**७. अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी)**

(क)

(ख)

(ग)

(घ)

**सम्झौताका शर्तः**

१. प्राप्त रकम तथा निर्माण सामग्री योजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौं ।

२. योजना सम्पन्न भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक लिनुपर्नेछ ।

३. आम्दानी/खर्चको विवरण र कार्य प्रगति उपभोक्ता समूहमा जानकारी गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४. नगदी/जिन्सी सामान प्राप्ति, खर्च र योजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौ ।

५. योजनाको कुल लागत अनुमान भन्दा घटी लागतमा योजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन दिन सहमत छौं । थप रकम लाग्ने भए समयमै संशोधित अनुमान स्वीकृत गरी गर्ने गराउने छौं ।

६. योजना संचालन गर्ने निकायले योजनाको मर्मत संभारको व्यवस्था पनि गर्नुपर्नेछ ।

७. उपभोक्ता समिति/समूहको निर्णयानुसार सबै काम गर्ने गराउनेछौं ।

८. योजना मिति .......... देखि सुरु गरी ............ सम्ममा पूरा गर्ने, गराउनेछौं ।

९. अन्य

(१)

(२)

(३)

गाउँ विकास समितिको तर्फबाट उपभोक्ता समितिको तर्फबाट

| | |
|---|---|
| नामः- | अध्यक्ष ........... |
| दर्जाः- | सचिव ........... |
| सहीः- | सही ........... |

मितिः ..............

<u>द्रष्टव्यः</u>

सम्झौताका अन्य शर्तहरू आवश्यकतानुसार सम्झौताका पक्षहरूले थपघट गर्न सक्नेछन् ।

**अनुसूची – ६**
**गाउँ विकास समिति अनुदान कार्यक्रम**

# उपभोक्ता समितिले गाउँ विकास समितिमा पेश गर्नुपर्ने प्रगति विवरण

(बुँदा ७.१ (क) सँग सम्वन्धित)

मितिः २०    ।  ।  .

श्रीमान् अध्यक्षज्यू,
गाउँ विकास समितिको कार्यालय,
.................. ।

**विषयः प्रगति प्रतिवेदन पेश गरेको ।**

त्यस गाउँ विकास समिति र हाम्रो बीच मिति ......... मा भएको सम्झौताको शर्त बमोजिम हामीले गरेको देहायको योजनाको कार्यप्रगति देहाय बमोजिम भएकोले प्रगति प्रदिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समूह/समितिको निर्णय समेत संलग्न राखी यसैसाथ पेश गरेको छु । ................. किस्ता भुक्तानी/जाँचपास फरफारक गरिपाउन अनुरोध गर्दछु ।

## तपसिल

**१. योजनाको विवरण**

योजनाको नामः

वडा नं.:    टोलः    बस्तीः    उपभोक्ता समूहको अध्यक्षः
सचिवः

**२. योजनाको लागतः**

प्राप्त अनुदान रकम रु. .............  चन्दा रकम रु...............
जनसहभागिता रकम रु. .............  जम्मा रकम रु. .............

**३. हालसम्मको खर्च रु.**

क. गाउँ विकास समितिबाट प्राप्त रकमः

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु. .
२. ज्यालाः-    दक्ष रु.:-    अदक्ष रु.    जम्मा रु.
३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.
४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रु.
५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.
६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु.:

श्रमको मूल्य बराबर रकम रु.

जिन्सी सामान मूल्य बराबर रकम रु.

कूल जम्मा रु.

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.**

**५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु.**

**६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू:**

क.

ख.

ग.

**७. समाधानका उपायहरू**

क.

ख.

ग.

८. गाउँ विकास समिति/अन्य निकायाबट अनुगमन भए अनुगमनको सुझाव:

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. माथिको व्यहोरा उपभोक्ता समिति/समूहमा परिसकेको छु र उक्त व्यहोरा साचो हो ।

१२. प्राप्त रकम योजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| | | | |
|---|---|---|---|
| ............... | ....... | ........... | ....... |
| प्रमाणित गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

## अनुसूची - ७

## गाउँ विकास समिति अनुदान कार्यक्रम

# चौमासिक/वार्षिक प्रगति प्रतिवेदन फाराम

**(उपभोक्ता समिति/गैसस/कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिमा पेश गर्ने)**

(बुँदा १०.१ को खण्ड (ग) सँग सम्वन्धित)

**आर्थिक वर्षः**
**जिल्लाः**
**गा.वि.स.को नामः**
**प्रगति प्रतिवेदनःचौमासिक (प्रथम/दोस्रो/तेश्रो)**
**वार्षिक**

### योजनाहरुको भौतिक प्रगति तथा वित्तीय स्थिति

| योजनाको नाम | वडा नं./स्थान | योजनाको कूल लागत | | | | गाविसबाट व्यहोरिने अनुदान रकम रु. | सुरु हुने मिति | सम्पन्न हुने मिति | किसिम (साल-वसाली/नयाँ) | योजनाको कूल भौतिक काम (भौतिक लक्ष्य) | भौतिक प्रगति | हाल सम्मको खर्च रकम रु. | लाभान्वित जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | आन्तरिक स्रोत | जनसहभागिता | जम्मा | | | | | | | | महिला | पुरुष | जम्मा | |
| १. | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | |

**कार्यान्वयमा देखिएका समस्याहरुः**

**समाधानका संभावित सुझावहरुः**

**उपभोक्ता समितिको बैठकको संख्या ....... र निर्णयको प्रतिलिपिहरू संलग्न छन्ः**

.........................
**उपभोक्ता समितिको सचिव**

.........................
**कोषाध्यक्ष**

...............................
**उपभोक्ता समितिको अध्यक्ष**

**नोटः** *यो फाराम उपभोक्ता समिति/गैरसरकारी संस्था/कार्यान्वयन निकायले प्रत्येक चौमासिक र वार्षिक रुपमा योजनाको भौतिक तथा खर्चको विवरण गाउँ विकास समितिमा पठाउनु पर्नेछ ।*

**अनुसूची – ८**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## ....... गाउँ विकास समितिको प्रगति प्रतिवेदन

(बुँदा १०.१(घ) सँग सम्बन्धित)

**कार्यक्रमः** गाउँ विकास समिति अनुदान **आर्थिक वर्षः**

चौमासिक/वार्षिक

| सि.नं. | क्रियाकलाप | ईकाई | भौतिक | | वित्तीय | | उपलव्धी |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| | | | | | | | |
| कूल जम्मा | | | | | | | |

..................
तयार गर्ने

..................
स्वीकृत गर्ने

## अनुसूची – ९
### गाउँ विकास समिति अनुदान कार्यक्रम
# योजना लगत फारम

(बुँदा १२ सँग सम्बन्धित)

| सि. नं. | योजनाको नाम | वडा नं. | बस्ती/गाउँ | सम्पन्न वर्ष | कुल रकम | | | | | मर्मत संभार भएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बाह्य श्रोत | आन्तरिक स्रोत | जनसहभागिता | जम्मा | सहयोगी संस्था | वर्ष | रकम |
| १ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| २ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| ३ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| ४ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| .... | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |

द्रष्टव्य:

बाह्य श्रोत भन्नाले गाउँ विकास समितिको कोष तथा अनुदान, जनसहभागिता बाहेक अन्य जुनसुकै श्रोत वा व्यक्ति वा संस्थाबाट प्राप्त रकम समेतलाई बुझाउँदछ ।

## अनुसूची – १०

### खर्च सार्वजनिक सूचना फाराम

**मिति :**

१. योजनाको नाम :–
२. योजनाको स्थल :–
३. विनियोजित वजेट :–
४. योजना स्विकृत भएको आ.व. :–
५. योजना सम्झौता भएको मिति :–
६. काम सम्पन्न गर्नु पर्ने मिति :–
७. काम सम्पन्न भएको मिति :–
८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति :–

### खर्च विवरण

**अ) अनुदान तर्फ**

क) निर्माण सामाग्री (आयात गर्नु पर्ने सामान) :–
१.
२.
३.
४.
५.
ख) कामदार विवरण :–
१. सिपालु दिन सङ्ख्या
२. ज्यामी दिन सङ्ख्या
ग) ढुवानी विवरण :–
१. ट्रक/ट्रैक्टर भाडा
२. मानिसद्वारा ढुवानी
घ) मेशिन तथा औजार
१.
२.

**आ) श्रमदान तर्फ**

क) निर्माण सामाग्री (स्थानीय सामाग्री) :–
१.
२.
३.
४.
५.
ख) कामदार विवरण :–
१. सिपालु दिन सङ्ख्या
२. ज्यामी दिन सङ्ख्या
ग) ढुवानी विवरण :–
१. ट्रक/ट्रैक्टर भाडा
२. मानिसद्वारा ढुवानी
घ) मेशिन तथा औजार
१.
२.

**खर्च सार्वजनिक समयको उपस्थिति :–**

१. उपभोक्ता समितिका पदाधिकारीहरु
क)
ख)
ग)
घ)
ङ)

२. स्थानीय सामाजिक संघ संस्थातर्फ
क)
ख)
ग)
घ)
ङ)

उपरोक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ। साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघसंस्थाको रोहवरमा सम्पन्न योजनाको निर्माण कार्य सम्पन्न भएको र सो योजना बारे सार्वजनिक जानकारी सबै सरोकारवालाहरु लाई यस सूचना सार्वजनिक स्थलको सूचनापाटीमा टाँस गरिएको छ।

......................
**नाम : –**
उपभोक्ता समितिको सचिव

.............................
**नाम :–**
उपभोक्ता समितिको अध्यक्ष